# एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

**प्रस्तावना:** संघीय सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा कृषि भूमिको चक्लाबन्दी एकीकरण गरी कृषि उपजहरुको विशिष्टीकृत उत्पादन क्षेत्र निर्माण र विस्तारको प्रणालीलाई अभियानको रुपमा सञ्चालन गर्न श्रोत केन्द्र सहितको एकीकृत मोडेल कृषि फार्म व्यवस्थित, सरलीकृत र पद्दतिसंगत ढंगले सञ्चालन गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधीको नाम " **एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधीमा,-

(क) **"अनुदानग्राही"** भन्नाले एकीकृत मोडेल कृषि फार्म स्थापना र सञ्चालनका लागि प्राविधिक र आर्थिक सहयोग अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

(ख) **"आवेदक"** भन्नाले एकीकृत मोडेल कृषि फार्म स्थापना र सञ्चालनका लागि प्राविधिक सहयोग र आर्थिक अनुदान लिन कार्यालयमा आवेदन दिएका कृषि फर्म,कृषि कम्पनी,कृषक समूह, कृषि सहकारी र कृषि उद्यमीलाई सम्झनु पर्छ ।

(ग) **"एकीकृत मोडेल कृषि फार्म"** भन्नाले उपलब्ध जनशक्ति, प्राकृतिक श्रोत र उन्नत प्रविधिको दिगो रुपमा प्रयोग गरी सञ्चालनमा आएको वा आउन सक्ने आधुनिक प्रणालीमा आधारित व्यवसायिक र नाफामूलक कृषि फार्मलाई सम्झनु पर्छ । मोडेल कृषि फार्महरु प्रविधि, व्यवस्थापन, भौतिक संरचना तथा प्राकृतिक श्रोतको दिगो र प्रभावकारी परिचालन तथा स्वस्थ कृषि उपज उत्पादन, प्रमाणीकरण र वितरणको दृष्टिकोणबाट अनुकरणीय हुनेछन । सो शब्दले कृषिसँग सम्बन्धित खाद्यान्न बाली, फलफूल, तरकारी, मसला बाली (अदुवा, वेसार आदि), पुष्प, औद्योगिक बाली (चिया, कफी, अलैंची, आदि), नगदे बाली (दाल, तेल आदी) रैथाने बाली, च्याउ, मौरी, रेशम तथा कानून बमोजिम उत्पादन गर्न मिल्ने वनस्पति र वन्यजन्तु आदिको कम्तिमा दुई वा दुईभन्दा बढी बाली वस्तुको एकीकृत रुपमा सञ्चालन गरिएको उत्पादन मूलक र पशुपंक्षी /माछा फार्मलाई समेत सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले कार्यक्रम कार्यन्वयन गर्ने निकायलाई सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ लाई सम्झनु पर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ७ अनुसार गठित भएको समिति सम्झनु पर्छ ।

(ज) **"स्थानीय तह"** भन्नाले यस कार्यविधी अनुरुप कार्यक्रम सञ्चालन हुने सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(झ) **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) खेति योग्य जमिनको चक्लावन्दी र एकीकृत गरी व्यवसायिक कृषि प्रणालीका आधारहरुको विकास गर्ने,

(ख) आधुनिक कृषि प्रविधीहरुको अवलम्बन गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात न्यूनीकरण तथा निर्यात प्रवर्द्धन गर्न सहयोग पुर्याउने,

(ग) वेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि पेशामा आकर्षित हुन प्रोत्साहित गर्ने,

(घ) स्थानिय कृषि तालिम तथा श्रोत केन्द्रको विकास गरी आसपासका कृषक तथा उद्यमीहरुलाई सेवा प्रवाह गर्ने,

(ङ) कृषि क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रबर्द्धन गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम प्रदेश नं. ३ भर लागू हुनेछ । तर यस कार्यविधिलाई आधार मानी सूचना प्रवाह गर्दा जुन जुन जिल्लाहरु वा स्थानीय तहहरु उल्लेख भई प्रस्ताव आव्हान हुन्छ तीनै जिल्लाहरु वा स्थानीय तहहरु लागू भएको मानिनेछ ।

(२) यो कार्यक्रम एक पटक छनौट भएका अनुदानग्राहीहरुसँग अधिकतम तीन वर्ष सम्म सञ्चालन गर्न सकिनेछ। पहिलो वर्षमा नै आवेदकले ३ वर्षको परियोजना प्रस्ताव बनाई पेश गर्नु पर्नेछ ।तर पहिलो वर्षमा सम्झौता बमोजिम कार्य सम्पन्न नभएमा वा सन्तोषजनक नभएमा कार्यालयले अनुदान रकम जुनसुकै समयमा रोक्का गर्न सक्नेछ ।

(३) फलोअप कार्यक्रममा निर्देशनालयले दिने सेवा र सुविधाहरुको प्रतिशतमा क्रमशः घटाउँदै लगिनेछ ।

(४) यो कार्यक्रम निर्देशनालयबाट सञ्चालन हुनेछ र जिल्लास्तरमा सम्बन्धित ज्ञान केन्द्रले आवश्यक सहयोग र समन्वय गर्नेछ ।

५. **प्रस्ताव माग गर्नेः** (१) एकीकृत मोडेल कृषि फार्म स्थापना र सञ्चालन कार्यक्रमको लागी कार्यालयले तीस दिने म्याद दिई राष्ट्रिय / स्थानीय स्तरका पत्रिका मार्फत प्रस्ताव आह्वान गरी अनुसूची -१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) दफा १ बमोजिम आवेदकले अनुसूची -२ बमोजिम निवेदनको साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) निवेदनको साथ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, वार्षिक लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी,

(ख) संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले एकीकृत मोडेल कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

(ग) आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव ।

(घ) सम्बन्धित स्थानिय तहको सिफारिस,

(ङ) संस्थाको स्वामित्वमा एकीकृत कृषि फार्म स्थापनाको लागि तोकिए बमोजिमको तीन वटा सम्म क्लस्टरमा चक्लाबन्दी वा एकिकरण भएको प्रर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्तिमा १० वर्ष लिजमा लिएको खुल्ने कागजको प्रति,

(च) नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भईसकेको हुनुपर्नेछ,

(छ) दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा मिली संयुक्तरुपमा प्रस्ताव तयार गरी आवेदन दिएमा नेतृत्व गर्ने संस्था खुल्ने गरी संस्थाहरु बीचको संयुक्त सहकार्यको सहमती (Joint Venture Agreement) पत्र समेत पेश गर्नु पर्ने छ,

(ज) प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत,

(झ) अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।

(ञ) प्रस्तावमा उल्लेखित एउटै प्रयोजनाको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्ने छ ।

६. <u>प्रस्ताव दर्ता एवम् संकलनः</u> आवेदकले अनुसुची -२ अनुसारको निवेदन र कागजातको साथ अनुसुची -३ बमोजिमको प्रस्ताव निर्देशनालयमा तोकिएको अवधिभित्रै दर्ता गरिसक्नु पर्नेछ। यसरी दर्ता भएका प्रस्तावहरु निर्देशनालयले संकलन गरी राख्नु पर्ने छ ।

७. <u>मुल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी अनुदानग्राही छनौटको सिफारिस गर्न देहाय वमोजिमको निर्देशनालयमा प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) निर्देशनालयको प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) वरिष्ठ कृषि अर्थ विज्ञ/अधिकृत, निर्देशनालय | सदस्य |
| (ग) प्रमुख, खा.सु.त.कृ.व्य.प्र.महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) वरिष्ठ बागवानी विकास अधिकृत/अधिकृत, निर्देशनालय | सदस्य |
| (ङ) कानून अधिकृत (सम्भव भए सम्म) | सदस्य |
| (च) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| (छ) प्रमुख, खरिद इकाई, निर्देशनालय | सदस्य-सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा तीन (३) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन सामितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता परेमा मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने।

(ख) प्राप्त प्रस्तावहरुको अध्ययन तथा स्थलगत निरीक्षण गरी न्यूनतम ५० अङ्क वा सो भन्दा बढी प्राप्त गरेका आवेदकहरु मध्येवाट स्वीकृत वार्षिक कार्यक्रम र लक्ष्य अनुसार मुख्य र बैकल्पिक उम्मेद्वार छनौट गरि स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ ।

(ग) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनको सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत दिने ।

(घ) अनुदान रकमको सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारवाहीको लागि निर्देशनालयमा सिफारिस गर्ने ।

८. **सम्झौताः** (१) छनौट भएका आवेदकहरुको संक्षिप्त विवरण सहितको सूची सात दिनको हद म्याद दिई दावी विरोधको लागि सूचना प्रकाशन गरिने छ । दावी विरोधको निरुपण १४ दिन भित्र गरिसक्नु पर्नेछ ।

(२) दफा ४ बमोजिमको सूचना उपर कुनै दावी विरोधको उजुरी नपरेमा छनौट भएका अनुदानग्राहीहरुसँग अनुसूची -५ बमोजिम सम्झौता गर्न १५ दिनको समय दिई पत्राचार गरिने छ ।

(३) उपदफा (२) बमोजिम १५ दिन भित्र सम्झौता गर्न नआएमा निज आवेदकहरुको प्रस्ताव खारेज गरी कार्यालयले निकटतम वैकल्पिक आवेदकलाई अनुसुची -५ बमोजिम सम्झौता गर्न ७ दिनको समय दिई पत्राचार गरिने छ ।

९. **मूल्याङ्कनको आधारः** (१) अनुसूची -६ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहाय बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी सिफारिस गर्नुपर्नेछ तर मापदण्ड नपुगेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

| क.स. | मूल्याङ्कनका आधारहरु | अङ्क | कैफियत |
|---|---|---|---|
| (क) | जमिनको उपयुक्तता | | ज्ञान केन्द्र वा निर्देशनालयले निर्धारण गर्ने |
| | १) उपयुक्त उत्पादन क्षेत्र | १० | |
| | २) सम्भावना भएको उत्पादन क्षेत्र | ९ | |
| | ३) सम्भावना कम भएको उत्पादन क्षेत्र | ८ | |
| (ख) | जमिनको पर्याप्तता | | आवेदकले प्रष्ट खुल्ने कागज पेश गर्ने |
| | १) आवेदकके नाममा जमिन भएको | २५ | |
| | २) संचालक सदस्य/शेयरहोल्डरको नाममा जमिन भएको | २१ | |

| | | | |
|---|---|---|---|
| | ३) लिजमा जमिन भएको | २० | |
| (ग) | **पूर्वाधारको उपलब्धता (सडक, सिँचाइ, विद्युत, बजार आदि)**<br>१) सम्पूर्ण पूर्वाधारको सुविधा भएको<br>२) पूर्वाधारको सुविधा मध्यम किसिमको भएको<br>३) पूर्वाधारको सुविधा अभाव रहेको | <br>२०<br>१६<br>१२ | स्थानीय तहको सिफारिसको आधारमा |
| (घ) | **सम्बन्धित आवेदक सदस्य/शेयरधनीहरुको शैक्षिक योग्यता**<br>१) कम्तीमा १ जना स्नातक<br>२) कम्तीमा १ जना प्रमाणपत्र तह<br>३) प्रमाणपत्र तहभन्दा कम | <br>१५<br>१३<br>११ | आवेदकले प्रमाण पेश गर्ने |
| (ङ) | **स्वलगानीको स्पष्ट आधार** | १० | बैंक स्टेटमेन्ट वा बैंकको Letter of intent |
| (च) | **प्रस्तावित आयोजनाको समग्र गुणस्तर** (प्राथमिकता प्राप्त स्थान र बाली बस्तु, वित्तिय विश्लेषण(B:C ratio, IRR र Payback period), कार्यान्वयन प्रक्रिया, स्थानीय तहको भूमिका, अन्य संघ संस्थासंगको सहकार्य, बजारीकरणको व्यवस्थता, दिगोपना, वातावरणीय प्रभाव र अन्य) | २० | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| | **जम्मा** | **१००** | |
| पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंक वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ । | | | |

## परिच्छेद -४
## साझेदारी र अनुदान प्रवाह

१०. <u>लागत इष्टिमेट र सम्झौता:</u> (१) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधार र एकीकृत मोडेल कृषि फार्मको स्थापनाको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरु समिटिने गरी लागत ईष्टिमेट तयार पारी सम्झौतमा उल्लेख गरिनेछ ।

(२) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंङ्कको बढीमा १% रकम कन्टिजेन्सीको रुपमा राखिने छ । उक्त १% रकम निर्देशनालयबाट खटाईएका प्राविधिकको दैनिक भ्रमण भत्ता, सूचना प्रकाशन र समितिको बैठक भत्तामा प्रयोग गर्न सकिनेछ ।

(३) स्वीकृत लागत ईष्टिमेटको आधारमा कार्यालय र अनुदानग्राही बीच अनुसूची -५ बमोजिमको सम्झौता गरिनेछ ।

११. <u>कार्यक्रम कार्यान्वयन र भुक्तानी प्रक्रियाः</u> (१) यस कार्यक्रम अनुसारका सम्पूर्ण क्रियाकलापहरु सम्झौता भएको मितिले सोही आर्थिक वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ । अन्य शर्तहरु सम्झौता बमोजिम हुनेछ ।

(२) यस कार्यक्रम अनुसार स्थापना हुने एकीकृत मोडेल कृषि फार्म स्थापना र सञ्चालनमा निर्देशनालयबाट सहजिकरण सेवा सुविधा प्रदान गरिने छ। अनुदानग्राहीले अनुदान बाहेकको घटीमा ५० % खर्च आफैं जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(३) एकीकृत मोडेल कृषि फार्म स्थापनाको लागि अनुसुची -६ बमोजिम आवश्यक पर्ने जग्गा बढीमा तीनवटा क्लस्टरमा चक्लाबन्दी/एकिकरण गर्ने दायित्व सम्बन्धित आवेदकको हुने छ र उक्त कार्य अनुसूची -२ बमोजिमको निवेदन दिनु पूर्व नै सम्पन्न गरिसकेको हुनुपर्ने छ ।

(४) अनुदानग्राहीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा स्थलगत प्राविधिक मूल्याङ्कन गरी अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खातामार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

(५) अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

(६) कृषि फार्म स्थापना कार्यक्रम सम्पन्न भई सकेपछि सोको सञ्चालन एवम् व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

(७) निर्देशनालयबाट स्वीकृत कृषि फार्म सञ्चालन कार्यविधि बमोजिम अनुदानग्राहीले कम्तिमा ५ वर्षसम्म अवछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(८) अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी अगावै आफ्नो कृषि व्यवसायको कृषि बीमा गराउनु पर्नेछ ।

## परिच्छेद -५
## <u>अनुगमन तथा मूल्याङ्कन</u>

१२. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) मन्त्रालय, निर्देशनालय तथा ज्ञान केन्द्रहरुले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) अनुदानग्राहीले अनुसूची -७ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(३) मन्त्रालय तथा निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(५) सम्झौता अनुरुप काम नगर्ने अनुदान ग्राहीलाई निर्देशनालयले जुनसुकै बखत अनुदान रकम रोक्का गर्न सक्नेछ । यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

## परिच्छेद -६
## विविध

१३. कारबाहीको व्यवस्था: (१) सम्झौता अनुरुप काम नगर्ने अनदानग्राहीलाई अनुदान रोक्का गर्नेछ ।

(२) अनदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१४. संशोधन: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

( दफा ५ सँग सम्बन्धित )

**एकीकृत मोडेल कृषि फार्मको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७ /..../.....

कृषि विकास निर्देशनालयद्वारा आ.व. २०७.... /७.... को वार्षिक स्वीकृत कार्यक्रमा तोकिएका स्थानहरुमा सञ्चालन गरिने एकीकृत मोडल कृषि फार्म स्थापना (न्यूनतम क्षेत्रफल पहाडी क्षेत्र - २० हेक्टर र तराई क्षेत्रमा -४० बिघा) कार्यक्रम सञ्चालनका लागि सहजिकरण सेवा सुविधा निर्देशनालयको तर्फबाट उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा एकीकृत मोडल कृषि फार्म सञ्चालन गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, कृषि कम्पनी र कृषि फार्मले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अनुसूची -२ बमोजिमको निवेदन सहित माग गरेको कागजातहरु कृषि विकास निर्देशनालय, हेटौंडामा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची -२

( दफा ५ सँग सम्बन्धित )

**एकीकृत मोडेल कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन**

श्रीमान् प्रमुख ज्यू,
कृषि विकास निर्देशनालय,
प्रदेश नं.३, हेटौंडा ।

मिति : ..........................

विषय : एकीकृत मोडेल कृषि फार्म स्थापनाको लागि अनुदान सहयोग सम्बन्धमा ।

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालयबाट मिति २०७..../../....मा सुचना भए अनुसार एकीकृत मोडेल कृषि फार्म स्थापना सहयोग कार्यक्रम सञ्चालनका लागि यसै साथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार मोडेल कृषि फार्म स्थापना लागि जम्मा रु......................अक्षरुपी ..............................................को योजना तयार गरी अन्य आवश्यक कागजात सहित नियमानुसार अनुदान सहयोगको लागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।साथै तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु**

१. निवेदनको साथ रु १०।- को टिकट र नागरिकताको प्रतिलिपी,
२. निवेदनको साथ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, वार्षिक लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी,
३. संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले एकीकृत मोडेल कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,
४. आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची -३ बमोजिमको परियोजना प्रस्ताव ।
५. सम्बन्धित स्थानिय तहको सिफारिस,
६. संस्थाको स्वामित्वमा एकीकृत कृषि फार्म स्थापनाको लागि तोकिए बमोजिमको तीन वटा सम्म क्लस्टरमा चक्लावन्दी वा एकिकरण भएको प्रर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित कानुन बमोजिम कम्तिमा १० वर्ष लिजमा लिएको खुल्ने कागजको प्रति,
७. नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ,
८. दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा मिली संयुक्तरुपमा प्रस्ताव तयार गरी आवेदन दिएमा नेतृत्व गर्ने संस्था खुल्ने गरी संस्थाहरु बीचको संयुक्त सहकार्यको सहमती (Joint Venture Agreement) पत्र समेत पेश गर्नु पर्ने छ,
९. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत,

१०. अनुसूची -४ अनुसारको प्रतिबद्धता पत्र ।

११. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनाको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्ने छ ।

निवेदकको

हस्ताक्षरः

नामः

संस्थाको नामः

ठेगानाः

मोवाईल नं.

छापः

अनुसूची -३

( दफा ५ सँग सम्बन्धित )

## एकीकृत मोडल कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको मोडल

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नामः | |
| पूर्ण ठेगाना ( पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मितिः | |
| स्थायी लेखा नम्बरः | |
| संस्थाको मुख्य उद्देश्यः | |
| प्रोपाईटरको वा अध्यक्षको नामः | |
| मोबाइल नम्बरः | |
| परियोजना स्थल ( कार्य क्षेत्र) | |
| निर्वाचन क्षेत्रः | |
| परियोजनाको नामः | |
| प्रस्तावित आयोजनाको कूल खर्च ( यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्योहर्ने खर्च समेत समावेश गर्ने) | |
| निर्देशनालय वा मातहतका निकायबाट माग गरेको कूल अनुदान रकम रु. | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए,कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गरेको कार्यालयको नाम | |

२. कृषि व्यवसायको हाल अवस्थाः (नयाँ व्यवसायीको हकमा यो तालिका भर्नु पर्ने छैन)

तालिकाः..........................................को हालको व्यवसायको अवस्था

| क.स. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन ( अनुमानति) | वार्षिक कूल अनुमानित आम्दानी रु. | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

प्रदेश सरकार ... प्रदेश नं. ३ ... हेटौंडा, मकवानपुर

प्रस्तावनाको औचित्यः

४. अपेक्षित उपलब्धीहरु र वार्षिक उत्पादन विवरणः

(क) प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपसिल बमोजिमका हुनेछः

- ✓ जग्गाको क्षेत्रफल (आफ्नो/परिवारको/सदस्यको/संचालकको/शेयर धनीको नाममा रहेको................हेक्टर, भाडामा लिएको............हेक्टर, जम्मा...............हेक्टर)
- ✓ वार्षिक उत्पादन (के.जि.)
- ✓ वार्षिक जम्मा आम्दानी(रु.)
- ✓ रोजगारी सिर्जना (पूर्णकालीन.........आंशिक............)

५. पूर्वाधारको अवस्था (सडक, सिंचाई, विद्युत, बजार आदि)

- ✓ सम्पूर्ण पूर्वाधारको सुविधा भएको
- ✓ पूर्वाधारको सुविधा मध्यम किसिमको भएको
- ✓ पूर्वाधारको सुविधा अभाव रहेको

६. सम्बन्धित आवेदक सदस्य/शेयरधनीहरुको शैक्षिक योग्यताः

- ✓ स्नातक तह वा सो भन्दा माथि........जना
- ✓ प्रमाणपत्र तह.........जना
- ✓ प्रमाणपत्र तहभन्दा कम.........जना

७. स्वलगानीको स्पष्ट आधारहरु पेश गर्नेः

- ✓ बैंक स्टेटमेन्ट
- ✓ बैंकको ग्यारेन्टी पत्र
- ✓ अन्य कुनै

८. लक्षित समुदाय (महिला, जनजाती, दलित आदिको सहभागिता)

९. परियोजना मुख्य मुख्य क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भए को | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

१०. खर्च विवरण:

क. स्थिर खर्चको विवरण: कृषि यन्त्र उपकरणहरु भवन, तारबार, सिंचाई व्यवस्थापन आदि जस्ता संरचना निर्माण आदि पूर्व सञ्चालन खर्च आदि ।

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

ख. चालु खर्चको विवरण (एक वर्षको मात्र): कामदार, मल, बीउ, रोगकिरा व्यवस्थापन आदि

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | प्रथम वर्ष | | | दोश्रो वर्ष | | | तेश्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हाल भएको | थप हुने | जम्मा | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

११. लागत साझेदारीः

तालिकाः लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र. सं. | विवरण | जम्मा खर्च रु. | परियोजनाको लागत रु. | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस ।

१२. आम्दानीको अनुमानित विवरणः

| क्र.सं. | बिक्रि हुने सेवा वा बस्तु | इकाई | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | जम्मा | | | | | | |

नोटः अनुसूची -३ बमोजिमको प्रस्तावको मोडेलमा उल्लेख भए बमोजिमका विषयवस्तुको साथ साथै आवेदकले आवश्यकता अनुसार अन्य सान्दर्भिक विषयवस्तुहरु थप्न सक्नेछ ।

अनुसूची –४
(दफा ५ सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

............................को मिति...............................को सूचना अनुसार एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आनुदानग्राहीको तर्फबाट</u>

नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसुची -५

( दफा ८ सँग सम्बन्धित )

<u>सम्झौता-पत्र</u>

श्री कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडा ( यस पछि पहिलो पक्ष भनिने) र ............ जिल्ला......................पालिका वडा नं....... को............स्थानमा स्थापना भएको श्री..................... का प्रोपाइटर वा अध्यक्ष ( यस पछि दोश्रो पक्ष भनिने ) बीच साझेदारी/ सहकार्यमा आ.व. २०७..../७..... को स्वीकृत एकीकृत मोडेल कृषि फार्म स्थापना सहयोग कार्यक्रम............प्रदेश................. पालिका वडा नं......मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

<u>तपसिलः</u>

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले लागत इष्टिमेट अनुसार ................व्यवसाय ...............(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने मोडेल कृषि फार्मको कुल लागतको बढीमा ...... प्रतिशतले हुन आउने रु. ................ अक्षेरुपी ........................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. प्रथम पक्षले अनुदान रकमबाट १ % कन्टिजेन्सीको लागि कट्टा गर्नेछ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र मोडेल कृषि फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।

५. दोश्रो पक्षले यहि २०७......... साल ..............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु कार्य सम्पन्नताको आधारमा उक्त अनुदान रकम बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

६. दोस्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

८. जग्गा सम्बन्धी विवाद उत्पन्न भएमा दोश्रो पक्षले सोको समाधान आफैं स्वम् गर्नुपर्नेछ ।

९. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>

नाम, थर :

पद :

संस्थाको नाम र छाप :

मिति :

<u>दोश्रो पक्षको तर्फबाट</u>

नाम,थर :

पद :

संस्थाको नाम र छाप :

मिति :

कृषि तथा सहकारी मन्त्रालय
न. ३
...पुर, नेपाल

अनुसूची -६

( दफा ९ सँग सम्बन्धित )

**एकीकृत मोडेल कृषि फार्म सञ्चालन गर्न सकिने विषय क्षेत्र र न्यूनतम मापदण्ड**

(क) **तरकारी (आलु समेत) उत्पादनः** पहाड र उच्च पहाडी क्षेत्रमा कम्तीमा ४०० रोपनी र भित्री मधेशमा कम्तीमा २०० रोपनी जमीनमा व्यवसायिक तरकारी उत्पादन गर्ने दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना । साथै उच्च प्रविधिहरु (हाइड्रोपनिक्स, एरोपनिक्स, सेमी-औटोमेटिक ग्रिन-हाउस, औटोमेटिक ग्रिन-हाउस, प्रि-फ्याब हाउस, नेचुरेली भेन्टिलेटेड नेट हाउस) को हकमा क्षेत्रफलको हद लागू हुने छैन र यी प्रविधिहरुको हकमा कुल लागतलाई आधार मान्नु पर्नेछ ।

(ख) **फलफुल उत्पादनः** पहाड र उच्च पहाडी क्षेत्रमा कम्तीमा ४०० रोपनी र भित्री मधेशमा कम्तीमा २०० रोपनी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफूल तराईमा आँप, केरा, भुईकटर, लिची, मेवा र अमिलो जातका फलफूल तथा पहाडमा कागती, अमला, सुन्तला, लिचि आदी र हिमालमा स्याउ र अन्य उपयुक्त फलफूल बाली उत्पादन तथा नर्सरी व्यवस्थापन कार्यक्रम सम्बन्धी दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(ग) **चिया, अलैंची, कफी, किवी, ओखरः** कम्तीमा ४०० रोपनी जमिनमा अर्गानीक कफी वा चिया वा किवी वा ओखर वा अलैंची उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(घ) **खाद्यान्न, दलहन र तेलहन बाली उत्पादनः** पहाड र उच्च पहाडी क्षेत्रमा कम्तीमा ४०० रोपनी र भित्री मधेशमा कम्तीमा २०० रोपनी जमिनमा धान, मकै, कोदो, गँहु, मास, मुसुरो, चना, रहर, तोरी, बदाम आदि बालीहरुको कार्यक्रम दिगो व्यवस्थापन सहितको उत्पादन, अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(ङ) **पशुपंक्षीः** यस कार्यक्रम अन्तर्गत वृहत्तर रुपमा आधुनिक तरीकाबाट पशुपंक्षी पालनका लागि प्रस्ताव पेश गर्न सक्नेछ ।प्रस्ताव पेश गर्दा तपसिल अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

| पशुपंक्षी पालन | संख्या | कैफियत |
|---|---|---|
| गाई/भैसी | १०० | |
| बाखा | ३०० | |
| बंगुर | १५० | |

माथि क देखि ङ सम्म उल्लेखित कुनै २ वा सो भन्दा बढी वस्तुको एकीकृत उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवम् दीगों व्यवस्थापन सहितको परियोजना हुनु पर्ने छ । व्यवसायिक योजनमा समेटिएका बाली वस्तुहरु र आवश्यक पुर्वाधारहरु सहितको ढाँचामा पहाड र उच्च पहाडी क्षेत्रमा कम्तीमा ४०० रोपनी र भित्री मधेशमा कम्तीमा २०० रोपनी जग्गा हुनुपर्नेछ ।

नोटः उपरोक्त आधारमा कार्यहरु गर्दा जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई प्राथमिकता दिइनेछ । सोको लागि पनि बजेट प्रस्ताव गर्न सक्नेछ ।

प्रदेश सरकार
तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
मकवानपुर, नेपाल

अनुसूची -७

(दफा १२ सँग सम्बन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क.स. | कार्यक्रम को नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

कार्यक्रम प्रमुख

दस्तखतः

नामः

पदः